# एन वाई एस निवेश विभाग (NYS Department of State) -
# लाइसेन्स प्रदान गर्ने शाखा (Division of Licensing Services)

## नङ्ग विशेषज्ञता प्रेक्टिकल
## परीक्षा प्रक्रियाहरू निम्ति कार्यहरूको सूची

यो परीक्षाको अवधि हो, लगभग 2 ½ घण्टा। हरेक प्रक्रियाको लागि एक निश्चित समय निर्धारित गरिएको हुन्छ जसको बारेमा तल बताइयको छः यी प्रक्रियाहरूको प्रदर्शन एक जीवित मोडलमाथि गरिनेछ अनि सो मोडलको व्यवस्था अनिवार्य रूपमा तपाईंले गर्नुपर्नेछ। हरेक प्रक्रियाको प्रदर्शन गर्नभन्दा पहिले परीक्षकले मौखिक रूपमा निर्देश दिनेछन्। यस परीक्षाका सबै प्रक्रियाहरूमा सुरक्षा एवम् सङ्क्रमण नियन्त्रणका तरिकाहरू अपनाइने छन् भनी अपेक्षा राखिएको छ। नङ्ग विशेषज्ञता प्रेक्टिकल परीक्षाको पास मार्क्स हो, 70 प्रतिशत।

## टेबल मिलाउनु (15 मिनट)
### 10 कार्यहरूको मूल्याङ्कन गरिनेछ

**मौखिक निर्देशहरूः**

*"नङ्ग विशेषज्ञता प्रेक्टिकल परीक्षामा स्वागत छ। यस परीक्षाको प्रथम हिस्सा हो, टेबल मिलाउनु। सबैभन्दा पहिले फ्याँक्ने सामग्रीहरूको लागि आफ्नो ब्यागलाई तयार पार्नुहोस् अनि काम गर्ने सतहलाई सङ्क्रमणरहीत बनाउनु होस्। तपाईंले काम गर्ने सतहलाई सङ्क्रमणरहीत बनाउनु भएपछि तपाईंको मोडललाई बस्नको लागि भनिनेछ। त्यसपछि तपाईंले "सफा" ("clean") अनि "फोहोर" ("dirty") लेखिएका दुइ पात्रहरूलाई साथै ती सबै उपकरणहरू र सामग्रीहरूलाई उचित स्थानहरूमा राख्नुपर्नेछ जो परीक्षाको यस हिस्सालाई पूरा गर्नको लागि तपाईंलाई आवश्यक छ। तपाईंले आफ्नो फिङ्गरबोल अर्थात् औंलाहरू डुबाउने बटुको भर्नको लागि आफ्नो स्प्रे बोटलको पानीको उपयोग गर्नुपर्नेछ तर निर्देश नदिएसम्म तपाईंले मेनिक्योर प्रक्रियालाई सुरू गर्नहुँदैन। कृपया आफ्नो मोडललाई बस्नको लागि नभनिएसम्म उसलाई टेबलदेखि टाढै राख्नुहोस्। यी सबै कामहरू गरिसकेपछि केही पाइलो पछाडि आउनुहोस् अनि आगामी निर्देशहरूको शान्तिपूर्वक प्रतीक्षा गर्नुहोस्। यस प्रक्रियालाई पूरा गर्नको लागि तपाईंसित 15 मिनटको समय छ अनि अब तपाईंले आफ्नो काम सुरू गर्न सक्नुहुन्छ।"*

1) आवेदक सफा, सुग्घर छ अनि उसले सही वस्त्रहरू पहिरेको छ (एक सफा, धुन सकिने बाह्य वस्त्र आवश्यक छ)
2) मोडलका हातहरू अनि नङगहरू सफा छन् अनि नङसम्बन्धी प्रत्यक्ष रोग, विकार वा चोटदेखि मुक्त छन्। यस्तो नभएको खण्डमा सेवालाई रोकिनेछ
3) साफ सफाइको - लागि डिस्पोजेबल अर्थात् उपयोग पश्चात् फ्याँक्नसकिने तौलिया अनि अगावै मिसाइएको उद्योगसित सम्बद्ध सतहलाई सङ्क्रमणरहीत बनाउने घोल (लेबल लगाइएको र स्प्रे बोटलमा) उपलब्ध गराइने छन्
4) सतहलाई सङ्क्रमणरहीत बनाउने घोलको उपयोग गरिन्छ अनि यो कार्य गर्ने सम्पूर्ण सतहमा लगाइन्छ तथा प्रक्रिया थाल्नअघि सतहलाई पूर्ण रूपमा सुक्खा बनाइन्छ
5) सामग्रीहरू फ्याँक्नको लागि काम गर्ने स्थानको एकपट्टि हात पुग्नसक्ने स्थानमा प्लास्टिकको एक थैलोलाई मजबुतीका साथ राखिन्छ अनि शीलबन्द गर्नसकिने यो थैलोको उपयोग, प्रक्रियाको बेलामा मैला भएका सबै डिस्पोजेबल सामग्रीहरू फ्याँक्नको लागि गरिन्छ
6) अगावै मिसाइएको, संयुक्त राज्य पर्यावरण सुरक्षा एजेन्सी, ई पी ए (United States Environmental Protection Agency (EPA))-द्वारा अनुमोदित सङ्क्रमण नाशक (सङ्क्रमण नाशक भनी स्पष्ट अनि उपयुक्त ढङ्गमा लेबल लगाइएको) एक बन्द साथै "फोहोर" ("dirty") भनी लेबल लगाइएको पात्रमा उपलब्ध गराइन्छ अनि यसमा उपयोग पश्चात् उपकरणहरूलाई डुबाउनको लागि पर्याप्त घोल हुन्छ

7) उपकरणहरूलाई “सफा” (“clean”) भनी लेबल लगाइएको एक बन्द पात्रमा परीक्षा स्थल पुरयाइन्छ
8) रक्त दूषणको मामिलामा शीलबन्द गर्नसकिने प्लास्टिकको एक थैलो अनि प्लास्टिकको एक दह्रो पात्र उपलब्ध गराइन्छ
9) मेनिक्योरको लागि उपयुक्त तौलिया उपलब्ध गराइन्छ अनि यसलाई टेबलको बीचमा सही तरिकामा राखिन्छ
10) आवश्यक सामग्रीहरूलाई टेबलको कुनाको छेउछाउमा व्यवस्थित एवम् तर्कसङ्गत तरिका (क्रम / उपयोगको प्रकारको आधारमा समूह बनाइएको)-ले राखिन्छ जसमा क्लाइन्टले यसलाई सुरक्षित तथा सहज ढङ्गमा प्राप्त गर्न सकोस्; यी सामग्रीहरूलाई तौलियामा राखिँदैन; टेबलको किनारको नजिकमा पनि राखिँदैन जहाँबाट यी सजिलैसित भुइँमा खस्न सक्छन्

## मूलभूत मेनिक्योर अनि आगामी प्रक्रियाहरूको लागी तम्तयारी (20 मिनट)

### 20 कार्यहरूको मूल्याङ्कन गरिनेछ

**मौखिक निर्देशहरूः**

*“परीक्षाको अर्को हिस्सा हो, मूलभूत मेनिक्योर अनि आगामी प्रक्रियाहरूको लागि तम्तयारी। तपाईंले प्रारम्भमा आफ्ना हातहरू अनि आफ्नो मोडलका हातहरूलाई सङ्क्रमणबाट मुक्त गर्नुहुनेछ। यसपछि, एक हातका सबै नङगहरूलाई आकार दिनुहोस् अनि त्यो हातलाई भिजाउनुहोस् तथा दोस्रो हातका नङगहरूलाई आकार दिनुहोस्। (टिप्पणीः दोस्रो हातलाई नभिजाउनुहोस् किनभने ती नङहरूमाथि पछि एडभान्स्ड अर्थात् उन्नत प्रक्रियाहरू गरिनेछन्।) पहिलो हातको कयूटिकल अर्थात बाह्य चर्मलाई नरम बनाउनुहोस् अनि दुवै हातहरूका बाह्य चर्महरूलाई पछाडि ठेल्नुहोस्। निर्देश प्राप्त भएपछि तपाईंले भिजाइएको हात र त्यस हातको पाखुरोको मालिस गर्नुहुनेछ। तपाईंले कम्तीमा पनि मालिसका दुइ मुभमेन्ट्स अर्थात् गतिहरूलाई प्रदर्शित गर्नु अनिवार्य छ। तपाईंलाई रोक्नको लागि निर्देश नदिएसम्म तपाईंले मालिस जारी राख्नुपर्नेछ। त्ससपछि तपाईँले दुवै हातहरूका नङगहरूबाट सबै फिल्मलाई हटाउनु हुनेछ अनि सबै नङगहरूमा एन्टिसेप्टिकको स्प्रे गर्नुहुनेछ। त्यसपछि भिजाइएको हातका नङहरूलाई दलेर त्यसलाई चम्किलो बनाउनुहोस्, अनि एहभान्स्ड अर्थात् उन्नत प्रक्रियाहरू गरिने हातका नङ्हरूबाट चम्किलोपनलाई हटाउनको लागि त्यसलाई दल्नुहोस् वा पुछ्नुहोस्। त्यसपछि तपाईंले अनावश्यक सामग्रीहरूलाई आफ्नो किट अर्थात् सामग्रीहरू राख्ने पात्रमा राख्नुपर्नेछ अनि परीक्षाको टिप अनि रयाप एप्लिकेशन हिस्साको लागि चाहिने सामग्रीहरूलाई तयार पार्नुपर्नेछ। तपाईंले औंलाहरू डुबाउने बोलमा भएको पानीलाई डिस्पोजेबलहरूको ब्यागमा फ्याँकिएको तौलियामा खन्याउन सक्नुहुन्छ। यी सब गरिसकेपछि केही पाइलो पछाडि आउनुहोस् अनि आफ्नो परीक्षकका आगामी निर्देशहरूको प्रतीक्षा गर्नुहोस्। यो प्रक्रियालाई पूरा गर्नको लागि तपाईंसित 20 मिनटको समय छ अनि अब तपाईंले सुरू गर्न सक्नुहुन्छ।”*

1) त्वचालाई रोगाणुरहीत पार्ने लेबल लगाइएको एक उपयुक्त सेनिटेशन एजेन्टलाई यसको मूल प्याकेजिङ्का साथ उपलब्ध गराइन्छ
2) सेनिटेशन एजेन्टका निर्माताका निर्देशहरूको पालन गर्दै आवेदकले त्वचा सेनिटेशन एजेन्टको उपयोग गरी आफ्ना हातहरू र त्यसपछि मोडलका हातहरूलाई सङ्क्रमणरहीत बनाउँछ
3) मेनिक्योरका सबै उपयुक्त सामग्री एवम् उपकरणहरू आवेदनद्वारा उपलब्ध गराइन्छ; डिस्पोजेबलहरूको उपयोग गरिएको छैन
4) आवेदकले मोडलको हातको एकपट्टिबाट नङहरूलाई आकार दिन सुरू गर्छ अनि यसरी अर्कोपट्टिसम्म पुग्छ; मोडलको हरेक नङको बाहिरी कुनाबाट फाइलिङ्ग सुरू गर्दै बीचमा पुग्नुपर्छ; फाइलिङ्ग सुगमतापूर्वक अनि एकनाशे गतिका साथ पूरा गर्नुपर्छ; फाइलिङ्ग अत्याधिक रफ अर्थात् खस्त्रो हुनुहुँदैन; नङलाई आकार दिँदा नङ प्लेटको फाइलिङ्ग गर्नुहुँवैन
5) काम समाप्त गरिएका सबै दश नङहरू सोझो छन्, त्यहाँ धारिला किनारहरू छैनन्; काम समाप्त गरिएका सबै दश नङहरू सुडौल छन् अनि एकसमान आकार र लम्बाइका छन्
6) एक औंलाहरू डुबाउने बोल उपलब्ध गराइन्छ अनि त्यसमा स्वच्छ तरिकाले उचित मात्रामा पानी अनि / अथवा साबुन लिएर घोल तयार गरिन्छ; फिङ्गर बोलमा सही स्थानमा मोडलका हातहरू राखिन्छन्; हात भिजाउँदा मोडललाई कुनै असुविधा हुंदैन
7) हात भिजाएपछि हातलाई एक सफा तौलियाद्वारा पुछेर सुक्खा बनाइन्छ
8) स्वच्छ तरिकाले क्यूटिकल अर्थात् बाह्य चर्म नरम बनाउने पदार्थ लगाइन्छ (उदाहरण, स्पैचुला, टुप्पोमा रूई लगाइएको अरेन्जवुड काठ) अनि यो पानीद्वारा मेनिक्योर गरिने हातको प्रत्येक नङमा हल्का पाराले, वृत्ताकार गतिका साथ, क्युटिकलतर्फ बढ्दै अनि सबै आवश्यक क्षेत्रहरूमा लगाइन्छ

9) क्यूटिकल पूशरलाई सही तरिकाले समातिन्छ अनि क्यूटिकलहरूलाई नङ प्लेटबाट विस्तारै ठेलिन्छ; मोडललाई कुनैप्रकारको असुविधा हुँदैन, क्यूटिकलहरु काटिएका हुँदैनन्
10) आवेदकले स्वच्छ तरिकाले आफ्ना हातहरूमा मालिसको लोशन अथवा तेल हाल्छ (उदाहरण, स्पैचुला, स्क्वीज बोटल)
11) आवेदकले मालिस गर्नको लागि दुवै हातहरूको उपयोग गर्छ अनि मालिस गर्दा विस्तारै-विस्तारै हातहरू घुमाउँछ (केवल सतह)
12) जम्मा एकदेखि दुइ मिनटको अवधिमा हात वा पाखुरोमा कम्तीमा पनि मालिसका दुइ भिन्ना-भिन्नै तरिकाहरू प्रदर्शित गरिन्छन्
13) लिनेन नभएको वाइप, पलिश रिमुभर वा यस्तै औषधीयुक्त र टुप्पोमा रूई भएको अरेञ्जवुड स्टिकको उपयोगद्वारा नङ अनि क्यूटिकलहरूबाट सबै फिल्महरू हटाइन्छन्
14) पानीद्वार मेनिक्योर गरिएका नङहरूलाई चम्किलो पार्न नङहरूलाई तीनतर्फे बफर (वा अन्य उपयुक्त बफर)-को उपयोग गरी बफ गरिन्छ; बफरलाई सही तरिकाले समातिन्छ अनि बेसबाट खुला एजतर्फ “X” शैलीमा अगाडि बढाइन्छ; बफिङ्ग प्रक्रिया हल्का हातले गरिन्छ जसमा घर्षण/तापको कारण असुविधा नहोस्
15) बफिङ्गले पानीको मेनिक्योर प्राप्त गर्ने हातका सबै पाँच नङहरूलाई चम्किलो बनाउँछ
16) एडभान्स्ड प्रक्रियाहरू प्राप्त गर्ने हातका सबै पाँच नङहरूबाट चम्किलोपनलाई हटाउनको लागि उपयुक्त फाइल अर्थात् रेतीको उपयोग गरिन्छ; चम्किलोपन हटाउने यस प्रक्रियामा अत्याधिक दबाउको उपयोग गरिँदैन
17) एडभान्स्ड प्रक्रिया प्राप्त गर्ने हातका सबै पाँच नङहरूबाट चम्किलोपनलाई हटाइएको छ
18) नङ एन्टीसेप्टिकलाई स्वच्छ तरिकाले लगाइएको छ (उदाहरण, टुप्पोमा रूई लगाइएको अरेञ्जवुड स्टिक वा स्प्रे) बफिङ्ग अगाडि वा पछाडि
19) मेनिक्योर, मालिस अनि बफिङ्गका समग्र प्रक्रियाभरि मोडलका हातहरूलाई दृढतापूर्वक तर सुविधाजनक ढङ्गमा समातिन्छ; प्रक्रियाहरूको अविधमा मोडललाई कुनैप्रकारको असुविधा हुँदैन
20) मेनिक्योर प्रक्रिया गर्दा हर समय सुरक्षा एवम् सङ्क्रमण नियन्त्रमाथि ध्यान राखिन्छ

## टिप एप्लिकेशन अनि शेपिङ्ग (25 मिनट)

### 10 कार्यहरूको मूल्याङ्कन गरिनेछ

**मौखिक निर्देशहरूः**

*“परीक्षाको आगामी हिस्सा टिप एप्लिकेशन अनि शेपिङ्ग हो। तपाईंले नभिजाइएको हातका कुनै तीन औंलाहरू छानेर त्यसमा तीन टिपहरू एप्लाइ गर्नुहुनेछ। तपाईंले मोडलका नङहरूका आकारसित मिलाउनको लागि टिपहरूको आकारलाई बद्लिन सक्नुहुन्छ। टिपहरूलाई एकपल्ट एप्लाइ गरिसकेपछि, ब्लेन्ड गर्नुहोस र हरेक टिपको शेपिङ्गको कामलाई पूरा गर्नुहोस्। तपाईंले काम सक्नुभएपछि विस्तारै पछाडि आउनुहोस् अनि शान्तिपूर्वक आगामी निर्देशहरूको प्रतीक्षा गर्नुहोस्। प्रक्रिया पूरा गर्नको लागि तपाईंसित 25 मिनटको समय छ अनि अब तपाईं सुरू गर्न सक्नुहुन्छ।”*

1) टिप एप्लिकेशन अनि शेपिङ्गको लागि आवश्यक नेल टिपका सबै सामग्रीहरू अनि औजारहरू आवेदकले उपलब्ध गराउनेछ
2) हरेक टिप 45 डिग्रीको कोणमा एप्लाइ गरिन्छ अनि लगभग 10 सेकेण्डसम्म नङलाई दृढतापूर्वक तर हल्का पाराले थिचिन्छ जसमा टिप सुरक्षित बसोस्; टिपहरूले नङ प्लेटको आधाभन्दा अधिक स्थान ओगट्दैनन्
3) टिपहरू साइडवालदेखि साइडवालसम्म सबै तीन नङहरूमा सही तरिकाले फिट हुन्छन् अनि त्यो त्वचाको कुनैपनि भागमा हुँदैन; हरेक टिपको आकार प्राकृतिक नङको आकारसित मेल खान्छ, अथवा सही तरिकाले त्यसमा परिवर्तन गरेर मेल खाने बनाइन्छ
4) स्वच्छ तरिकाले नङ प्लेट वा नङ वेलमा एड्हीसिभ अर्थात टाँस्ने पदार्थ लगाइन्छ (पात्रको टुप्पो, अरेञ्जवुड स्टिकको उपयोगद्वारा); हरेकपल्ट टाँस्ने पदार्थ लगाउदा त्यस पदार्थमाथि आनेदकको पूर्ण नियन्त्रण हुन्छ (टाँस्ने पदार्थ कतै चुहुदैन, मोडल वा आवेदकको क्यूटिकल वा त्वचामा लाग्दैन, टाँस्ने पदार्थ अधिक लगाएको परिणामस्वरूप सिमहरूमा त्यो पदार्थ भरिने काम यहाँ हुँदैन, आदि)
5) कुनैपनि टिपमा सेतो दाग वा हावाको फोको हुँदैन
6) नङका टिपहरू सही तरिकाले ट्रिम गरिन्छन्, ठूला क्लिपरहरूको सहायताले एकपट्टिदेखि अर्कोपट्टिसम्म, वा टिप कटर्सको सहायताले हेड अन पोजिशनमा; टिपहरूको फाइलिङ्ग प्रभावकारी (आरा चलाएजस्तो/अगाडि र पछाडि) तरिकाले गरिन्छ
7) हरेक टिपलाई ब्लेन्डिङ्ग गर्दा फाइल अर्थात् रेतीलाई नङ प्लेटको सीधा राखिन्छ जसमा प्लेट क्षतिग्रस्त नहोस्

8) हरेक टिपलाई ब्लेन्ड गरिसकेपछि, सिमहरू देखिँदैनन; तरल ब्लेन्डिङ्ग उत्पादको उपयोग गरिँदैन
9) काम पूरा गरिएका सबै तीन टिपहरू सम्म र चिप्लो छन् अनि त्यहाँ धारिला किनारहरू छैनन् अनि सबै सुडौल छन् र एकसमान आकार र लम्बाइका छन्
10) एप्लिकेशन प्रक्रिया गर्दा हर समय सुरक्षा एवम् सङ्क्रमण नियन्त्रणमाथि ध्यान राखिन्छ

## रयाप एप्लिकेशन (30 मिनट)

### 10 कार्यहरूको मूल्याङ्कन गरिनेछ

**मौखिक निर्देशहरू:**

*"परीक्षाको आगामी हिस्सा रयाप एप्लिकेशन हो जसमा टिपहरू लगाइएका दुइ नङहरूमा सिल्क र फाइबरग्लास रयाप्स लगाउनु सामेल छ। दुवै रयापहरूलाई आवश्यक मूलभूत आकारमा काटेर अनि एक नङमा एक सिल्क लगाएर तपाईंले काम सुरू गर्नुहुनेछ। प्रथम रयाप सुक्दैगर्दा, फाइबरग्लास रयाप लगाउनुहोस्। फाइबरग्लास प्रक्रियाको बेलामा तपाईंले एक्टिभेटरको उपयोग गर्नु अनुवार्य छ। सिल्क रयाप प्रक्रियाको बेलामा तपाईंले एक्टिभेटरको उपयोग नगर्न सक्नुहुन्छ। रयाप गरिएका दुवै नङहरूलाई शेपिङ्ग एवम् बफिङ्ग गरेपछि तपाईंले परीक्षाको यस हिस्सालाई पूरा गर्नुहुनेछ। काम पूरा भएपछि, तपाईंले काम पूरा गर्नुभएको सङ्केत दिन कृपया केही पाइलो पछाडि आउनुहोस् अनि शान्तिपूर्वक आगामी निर्देशहरूको प्रतीक्षा गर्नुहोस् यो प्रक्रियालाई पूरा गर्नको लागी तपाईंसित 30 मिनटको समय छ अनि अब तपाईंले सुरू गर्न सक्नुहुन्छ।"*

1) उपयुक्त फ्याब्रिक, एड्हीसिभ, अनि एक्टिभेटर (केवल फाइबरग्लास एप्लिकेशनको लागि), कैंची र एब्रेसिभहरू उपलब्ध गराइन्छन्
2) एप्लिकेशन अगाडि दुवै फ्याब्रिकहरूलाई लगभग नङ प्लेटको चौडाइ र आकारमा काटिन्छ
3) एप्लाइका सबै प्रक्रियाहरूमा एड्हीसिभको पातलो कोटलाई नङहरूको समग्र सतहमा लगाइन्छ, यसो गर्दा मध्यदेखि क्यूटिकलतर्फ कार्य गरिन्छ, अनि यसको लागि एप्लिकेशन टिपको उपयोग गरिन्छ; एड्हीसिभ अर्थात् टाँस्ने पदार्थ लगाउँदा कुनैपनि समयमा यो पदार्थ मोडल वा आवेदकको क्यूटिल वा त्वचामा लाग्दैन
4) दुवै फ्याब्रिकहरूलाई सही तरिकाले नङहरूमाथि राखिन्छ (औंलाहरू, ट्वीजरहरू, सेलोफेन आदिको उपयोगद्वारा) अनि बेसी भएको फ्याब्रिकलाई साइडवालहरू अनि खुला किनारबाट लगभग 1/16 इन्चको दूरी राखेर ट्रिम गरिन्छ
5) एक्टिभेटरको उपयोग केवल फाइबरग्लास एप्लिकेशनको लागि गरिन्छ
6) फाइबरग्लास रयापको लागि एक्टिभेटरको उपयोग गर्दा निर्माताका निर्देशहरू अनुरूप यसलाई उचित दूरीमा, राखिन्छ अनि यसको अत्याधिक उपयोग गरिँदैन; एक्टिभेटरको उपयोग गरिएको बेलामा मोडलले अनावश्यक असुविधाको अनुभव गर्दैन
7) दुवै रयापहरू सम्म र चिल्लो छन्, यी खुम्चिएका छैनन् अनि हावाका फोकाहरूबाट मुक्त छन्
8) रयाप गरिएका नङहरूलाई आकार दिन र दुरूस्त बनाउनको लागि सही एब्रेसिभको उपयोग गरिन्छ; फाइलहरूको उपयोग सुरक्षित ढङ्गमा गरिन्छ
9) अधिक चम्किलो बनाउनको लागि रयाप गरिएका दुवै नङ्हरूमा एक तीनतर्फे वा बलक बफर अनि/अथवा तेलको पालि पालिले उपयोग गरिन्छ; बफरको उपयोग रयापलाई च्यात्ने वा कमजोर बनाउने गरी जोरसित गरिँदैन
10) रयाप एप्लिकेशनको सम्पूर्ण प्रक्रियामा सुरक्षा एवम् सङ्क्रमण नियन्त्रणमाथि ध्यान राखिन्छ

## एक्रिलिक एप्लिकेशन (30 मिनट)

### 15 कार्यहरूको मूल्याङ्कन गरिनेछ

**मौखिक निर्देशहरू:**

*"परीक्षाको आगामी हिस्सा एक्रिलिक एप्लिकेशन हो जसमा दुइ रङ्गको एक्रिलिक ओभरले टिप्ड नङ अनि कुनै आकारमा रहेको स्कल्प्चर्ड नङमा एप्लाइ गर्नु सामेल छ। स्कल्प्चर्ड नङ एक वा दुइ रङ्गको हुन सक्छ। नचाहिने सामग्रीहरूलाई आफ्नो किटमा राखेर तथा एक्रिलिक एप्लिकेशनको लागि आवश्यक सामग्रीहरूको चाँजो मिलाएर काम सुरू गर्नुहोस्। त्ससपछि तपाईंले आफ्नो तरल र*

*पाउडर उत्पादहरूलाई तयार पार्नुहुनेछ अनि दुवै नङहरूमा प्राइमर लगाउनुहुनेछ। पहिले प्राकृतिक नङलाई स्कल्पट गर्नुहोस्; स्कल्प्चर्ड नङ सुक्दैगर्दा, टिप्ड नङमा दुइ रङ्गको एक्रिलिक ओभरले एप्लाइ गर्नुहोस्। फर्मलाई हटाउनुहोस् अनि स्कल्प्चर्ड नङलाई आकार दिनुहोस्; त्यसपछि एक्रिलिक ओभरले एप्लाइ गरेको नङलाई आकार दिनुहोस्। दुवै एक्रिलिक नङहरूलाई बफ गर्नुहोस् अनि त्यसमाथि तेल लगाउनुहोस् अनि पलिश एप्लिकेशनको लागि आफ्नो काम गर्ने क्षेत्रलाई तयार पार्नुहोस्। काम पूरा भएपछि, तपाईंले काम पूरा गर्नुभएको सङ्केत दिन कृपया केही पाइलो पछाडि आउनुहोस् अनि शान्तिपूर्वक आगामी निर्देशहरूको प्रतीक्षा गर्नुहोस्। यो प्रक्रियालाई पूरा गर्नको लागि तपाईंसित 30 मिनटको समय छ अनि अब तपाईंले सुरू गर्न सक्नुहुन्छ।"*

1) सबै एक्रिलिक प्राइमर, पाउडर र तरल, बोल, नङ फर्म, ब्रशहरू आदि उपलब्ध गराइन्छन्
2) तरल अनि पाउडर एक्रिलिक उत्पादहरूलाई तीन भिन्ना-भिन्नै पात्रहरूमा यता उता नचुहाइकन हालिन्छ अनि हालिएको मात्रा दुइ नङहरूलाई ठिक्क पुग्ने हुन्छ।
3) उपयोगमा नहुँदा तरल र पाउडर एक्रिलिक उत्पादका पात्रहरूलाई छोपेर राखिन्छ
4) प्राइमर अति नै फारो गरी उपयुक्त एप्लिकेटरद्वारा लगाइन्छ, प्राइमर मोडल वा आवेदकको वस्त्र, त्वचा वा क्यूटिकलमा लाग्दैन
5) हातले समातिएको छैन भने प्राइमरलाई टेबलका किनारहरूदेखि टाडा राखिन्छ; उपयोगमा नहुँदा प्राइमरको बोटलको बिर्कोलाई कसेर बन्द गरिन्छ
6) दुवै नङहरूको प्राइमरलाई पूर्ण रूपमा सुक्न दिइन्छ (उत्पादमाथि निर्भर चकजस्तो सेतो, चम्किलो)
7) स्कल्प्चर्ड नङको लागि नङ फर्म खुला किनारमनि राम्ररी फिट हुन्छ र त्यहाँ स्थिर बस्छ, प्राकृतिक नङ र यसको लेभल एकसमान राखिन्छ, अनि यो त्वचामा पुग्दैन
8) ब्रशलाई तरल, अनि फेरि पाउडरमा डुबाएर उपयुक्त आकारको सानो, मध्यम अनि ठूलो बल अर्थात् डल्लो बनाइन्छ, एक्रिलिकका सबै बलहरू उपयुक्त कन्सिस्टेन्सीका छन् अनि नङमा ब्रश लगाउंदा ती ब्रशमा राम्ररी टाँस्सिएर बस्छन्। ब्रशबाट झरेर जाँदैनन्
9) एक्रिलिकको प्रथम बललाई टिपको खुला किनारमा राखिन्छ अनि खुला किनारको क्षेत्रबाट नेल बेड अर्थात् नङ शय्यातर्फ काम गरिन्छ; त्ससपछि एक्रिलिक बलहरूलाई नङको मध्यबाट साइडवालहरू अनि क्यूटिकलतर्फ लैजाने काम गरिन्छ; एक्रिलिकको काम गर्दा ब्रशलाई टिपको समानान्तर राखिन्छ ब्रशिङ्ग स्ट्रोकहरूको सट्टा ड्याबिङ्ग वा प्याटिङ्ग स्ट्रोकहरूको उपयोग गरिन्छ
10) एक्रिलिक क्यूटिकल क्षेत्र वा त्वचामा लाग्दैन
11) नङ पूर्ण रूपमा सुकेपछि स्कल्प्चर्ड नङबाट फर्मलाई हटाइन्छ (सुकेपछि विस्तारै ट्याप गर्दा क्लिकको आवाज आउँछ)
12) प्राकृतिक रूप दिनको लागि नेचरल फ्री एज पश्चात् फिनिस्ड फ्रेन्च ओभरले प्रक्रिया गरिन्छ
13) तेल लगाएर निम्नतम बफिङ्ग गरेपछि, काम पूरा गरिएका दुवै नङहरूको सम्पूर्ण सतह सम्म र एकसमान चिप्लो हुन्छ, अनि त्यहाँ कुनैप्रकारका डल्लो वा गराहरू तथा धारिला किनारहरू हुँदैनन्; प्राकृतिक (सी-कर्भ) रूप दिनको लागि यसलाई क्यूटिकल, फ्री एज अनि साइडवालहरूतर्फ मातलो बनाउँदै लगिन्छ; यी अर्का दुइ नङहरूको एकसमान हुन्छन् तथा लम्बाइ र आकारमा पनि यी समान हुन्छन् (शेपिङ्ग निम्ति उपयुक्त मेनिक्योर फाइलको उपयोग गरिन्छ)
14) पलिशको काम सुरू गर्नअघ धूलो र रहल पदार्थलाई हटाइन्छ/सफा गरिन्छ
15) एक्रिलिक एप्लिकेशनको सम्पूर्ण प्रक्रियामा सुरक्षा अनि सङ्क्रमण नियन्त्रणमाथि ध्यान राखिन्छ

## पलिश एप्लिकेशन अनि क्लिन-अप (15 मिनट)

### 5 कार्यहरूको मूल्याङ्कन गरिन्छ

**मौखिक निर्देशहरूः**

*"परीक्षाको अन्तिम हिस्सा पलिश एप्लिकेशन अनि क्लिन-अप हो। तपाईंले सबै दश नङहरूमा क्रमैसित बेस कोट, दुइ कलर कोटहरू अनि टप कोट लगाएर आफ्नो काम सुरू गर्नुहुनेछ; आवश्यक ठहरिएको खण्डमा त्वचा वा क्यूटिकल क्षेत्रबाट पलिशलाई निश्चित रुपले हटाउनुपर्नेछ। पलिश गर्ने कार्य समाप्त गरिसकेपछि आफ्नो कार्यको स्थानलाई सफा गर्नुहोस् अनि सबै सामग्रीहरूलाई प्याक गर्नुहोस् काम पूरा भएपछि, काम पूरा भएको सङ्केत दिनको लागि कृपया केही पाइलो पछाडि आउनुहोस् अनि शान्तिपूर्वक आगामी निर्देशहरूको प्रतीक्षा गर्नुहोस्। आफ्नो कार्यस्थलबाट कहिले प्रस्थाल गर्नुपर्नेछ, सो तपाईंलाई भनिनेछ अनि यस्तो भनिएरछि*

*तपाईंलाई परीक्षा कक्षबाट बाहिर निस्किदा बाटोमा डिस्पोजेकलहरूको तपाईंको थैलोलाई फ्याँक्ने अनुमति दिइनेछ। यो प्रक्रिया पूरा गर्नको लागि तपाईंसित 15 मिनटको समय छ अनि अब तपाईंले काम सुरू गर्न सक्नुहुन्छ।"*

1) सही पलिश उपलब्ध गराइनेछ; नङको मध्यबाट सुरू गरेर निम्नतम स्ट्रोकहरू (3-5)-को साथ पातलो र एकसमान कोटहरू लगाइन्छन्; काम क्यूटिकलबाट सुरू गरेर खुला किनारतर्फ बढिन्छ
2) पलिश त्वचा वा क्यूटिकलमा लागेको खण्डमा, त्यसलाई टुप्पोमा रूई लगाइएको अरेन्टवुड स्टिकले हटाइन्छ, औंलोले होइन
3) काम पूरा गरिएका नङहरूमा अनुपयुक्त एप्लिकेशनले उत्पन्न हुने हावाको फोको, धर्का, डल्लो वा पलिश नलागेका दागहरू हुँदैनन्
4) पलिश लगाउने काम पूरा हुँदा त्वचा वा क्यूटिकलहरूमा पलिश लागेको हुँदैन
5) सबै सामग्रीहरू अनि औजारहरू प्याक गरिन्छन् अनि यिनीहरूलाई उपयुक्त ढङ्मा निप्टाइन्छ [दूषित भएका औजारहरू "फोहोर" ("dirty") पात्रमा राखिन्छन्] अनि कार्य गरिएको स्थानलाई सफा गरी त्यसलाई व्यवस्थित पारिन्छ

**परीक्षार्थीहरू प्रस्थान गर्दा यसो भनिनेछः**

***आउनुभएकोमा तपाईंलाई धन्यवाद। तपाईंको परीक्षाका परिणामहरू उपलब्ध भएपछि तपाईंलाई यसबारे ईमेलद्वारा सूचित गरिनेछ। आफ्ना परिणामहरू हेर्नको लागि तपाईंले आफ्नो एन वाई एस लाइसेन्स केन्द्र (NYS License Center)-को एकाउन्टमा लग इन गर्नुपर्छ अनि इक्जामिनेशन सेक्शन अर्थात् परीक्षा खण्डमा हेर्नुपर्छ। यदि तपाईं आजको परीक्षामा पास हुनुभयो अनि लिखित परीक्षामा अगावै पास हुनुभएको छ भने, तपाईंले आफ्नो लाइसेन्स मेल मार्फत प्राप्त गर्नुहुनेछ। यदि तपाईं आजको परीक्षामा फेल हुनुभयो अथवा तपाईंले लिखित परीक्षा दिनु बाँकी नै छ भने, तपाईंले यसको चाँजो मिलाउनुपर्नेछ अनि आगामी अनलाइन परीक्षाको लागि भुक्तानी गर्नुपर्नेछ।शुभकामना!***